# ABSTRACT

Name: Januka Pandit
Semester and Year of Admission: 1st, 2015
Major Subject: Agricultural Economics
Major Advisor: Prof. Punya Prasad Regmi, PhD

Id. No.: R-2015-AEC-B-03P
Degree: PhD in Agriculture
Department: Agriculture Economics

Various typologies of safe agricultural production regimes, like traditional agriculture, biological farming, good agricultural practice, integrated pest management system, pesticide-free production system, organic agriculture, ecological agriculture, etc., are in practice. This study analyzed the consumers' willingness to pay the premium price for pesticide-safe vegetables, identified the factors affecting the willingness to pay the premium price for pesticide-safe vegetables, and assessed the market-based solutions and policy measures to promote pesticide-safe vegetable production regimes in Nepal. Data were collected during December 2019 by interviewing 720 consumers, accounting for 180 consumers from each vegetable market: Kathmandu, Pokhara, Bharatpur, and Butwal in Nepal. Analytical tools used for the data analysis were Choice-Based Conjoint Analysis, Probit model under the Dichotomous Choice Contingent Valuation Method, and Descriptive Statistics. Price was prioritized by the majority of consumers in the Pokhara, Bharatpur, and Butwal markets, and a majority of consumers in the Kathmandu market prioritized the production method. All consumers had a significant negative preference for the price of vegetables, and almost all consumers had a significant positive preference for labeled vegetables. Consumers disliked vegetables produced under the conventional system. Most consumers were willing to pay the premium price to switch to higher-quality food safety levels from lower-quality. Consumers' willingness to pay the premium price was 26.4% for organic, 23% for traditional, and 17.5% for pesticide-free vegetables. Affordability was the key factor affecting willingness to pay the premium price for pesticide-free vegetables. Age, education, and knowledge were important factors affecting the willingness to pay at a lower premium price, and affordability (like income, expense on vegetables, marital status, and family size) were important factors affecting the willingness to pay at a high premium price for organic vegetables. This study concludes that developing an Integrated Multi-Level Food Certification and Labeling System is needed, which may offer premium prices for organic, traditional, and pesticide-free vegetables. This Integrated Multi-Level Food Certification and Labeling system may accommodate the potential mid-way production regimes between organic and conventional agricultural production systems. It is better to promote pesticide-safe agricultural production systems through market-based and policy instruments like cooperative marketing, minimum support price, direct payment to firms, contract farming, subsidy on inputs, ecosystem services payment, etc.

शोध-सार


नाम: जानुका पण्डित
सेमेस्टर र भर्ना भएको: पहिलो, २०१५
मुख्य विषय: कृषि अर्थशास्त्र
मुख्य सल्लाहकार: प्रा. डा. पुण्य प्रसाद रेग्मी

रोल नं.: R-2015-AEC-B-03P
उपाधी: विद्यावारिधि
विभाग: कषि अर्थशास्त्र



परम्परागत कृषि, जैविक खेती, असल कृषि अभ्यास, एकीकृत शत्रुजीव व्यवस्थापन प्रणाली, विषादी-रहित (pesticide-free) उत्पादन प्रणाली, प्राङ्गारिक कृषि, पर्यावरणीय कृषि लगायतका विभिन्न किसिमका सुरक्षित कृषि उत्पादन प्रणालीहरू अभ्यासमा रहेका छन्। यस अध्ययनले विषादी-सुरक्षित (pesticide-safe) तरकारीहरूको प्रिमियम मूल्य तिर्नका लागि उपभोक्ताहरूको इच्छाको विश्लेषण, विषादी-सुरक्षित तरकारीहरूको प्रिमियम मूल्य तिर्ने इच्छा निर्धारण गर्ने तत्वहरूको पहिचान र नेपालमा विषादी-सुरक्षित तरकारी उत्पादन प्रवर्द्धनका लागि बजारमा आधारित समाधान र नीतिगत उपायहरूको मूल्याङ्कन गरेको थियो। २०१९ को डिसेम्बर महिना भरिमा नेपालका काठमाडौँ, पोखरा, भरतपुर र बुटवल तरकारी बजार प्रत्येकबाट १८० जना उपभोक्ताहरू गरि जम्मा ७२० जना उपभोक्ताहरूसँग अन्तर्वार्ता लिएर तथ्याङ्क सङ्कलन गरिएको थियो। Choice-Based Conjoint Analysis, Dichotomous Choice Contingent Valuation Method अन्तर्गत Probit मोडेल र Descriptive Statistics जस्ता विश्लेषणात्मक औजारहरू प्रयोग गरी तथ्याङ्क विश्लेषण गरिएको थियो। पोखरा, भरतपुर र बुटवल बजारका अधिकांश उपभोक्ताहरूले मूल्यलाई प्राथमिकता दिएको पाइयो र काठमाडौँ बजारका अधिकांश उपभोक्ताहरूले उत्पादन विधिलाई प्राथमिकता दिएको पाइयो। सबै उपभोक्ताहरूको तरकारीहरूको मूल्यमा उल्लेखनीय रूपमा नकारात्मक प्राथमिकता रहेको पाइयो र लगभग सबै उपभोक्ताहरूको लेबल लगाएका तरकारीहरूमा उल्लेखनीय रूपमा सकारात्मक प्राथमिकता रहेको पाइयो। आधुनिक प्रणालीबाट उत्पादित तरकारीहरूलाई उपभोक्ताहरूले नरुचाएको पाइयो। अधिकांश उपभोक्ताहरू कम गुणस्तरको खाद्य सुरक्षा स्तरहरूबाट उच्च गुणस्तरको खाद्य सुरक्षा स्तरहरूमा जानका लागि प्रिमियम मूल्य तिर्न इच्छुक रहेको पाइयो। प्राङ्गारिक तरकारीहरूको लागि २६.४ प्रतिशत, परम्परागत तरकारीहरूको लागि २३ प्रतिशत र विषादी-रहित तरकारीहरूको लागि १७.५ प्रतिशत प्रिमियम मूल्य तिर्ने उपभोक्ताहरूको इच्छा रहेको पाइयो। सामर्थ्य मुख्य रूपमा विषादी-रहित तरकारीहरूको प्रिमियम मूल्य तिर्ने इच्छालाई असर पार्ने तत्व रहेको पाइयो। प्राङ्गारिक तरकारीहरूको कम प्रिमियम मूल्य तिर्ने इच्छालाई असर गर्ने महत्वपूर्ण तत्वहरू उमेर, शिक्षा र ज्ञान तथा उच्च प्रिमियम मूल्य तिर्ने इच्छालाई असर गर्ने महत्वपूर्ण तत्वहरू सामर्थ्य (जस्तै आम्दानी, तरकारी किन्ने खर्च, वैवाहिक स्थिति र परिवारको आकार) रहेको पाइयो। यस अध्ययनले प्राङ्गारिक, परम्परागत र विषादी-रहित तरकारीहरूको लागि प्रिमियम मूल्यहरू प्रदान गर्न सक्ने एकीकृत बहु-स्तरीय खाद्य प्रमाणीकरण तथा लेबलिङ प्रणालीको विकास गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ। यो एकीकृत बहु-स्तरीय खाद्य प्रमाणीकरण तथा लेबलिङ प्रणालीले प्राङ्गारिक र आधुनिक कृषि प्रणालीबीचका सम्भावित मध्यमार्गी उत्पादन प्रणालीहरूलाई समावेश गर्न सक्छ। सहकारी बजारीकरण, न्यूनतम समर्थन मूल्य, फर्मलाई प्रत्यक्ष भुक्तानी, करार खेती, उत्पादन सामग्रीमा अनुदान, इकोसिस्टम सेवा भुक्तानी लगायतका बजारमा आधारित र नीतिगत साधनहरू मार्फत विषादी-सुरक्षित कृषि उत्पादन प्रणालीलाई प्रवर्द्धन गर्नु राम्रो हुन्छ।